# अरुण-३ अर्को त्रुटीपूर्ण सम्झौता

हरिराज खेवा

२०६३ पुस ३ मा जलस्रोत मन्त्रालयले (अरुण-३ ४०२ मेगावाट, माथिल्लो कर्णाली ३०० मेगावाट र बुढि गण्डकी ६०० मेगावाट) अन्तर्राष्ट्रिय प्रतिस्पर्धाबाट जलविद्युत प्रवर्द्धनका लागि लाइसेनस लिन प्रस्ताव आह्वान गरेको थियो । जतिबेला नेपालमा दसबर्षे जनयुद्धको तातो रापबाट उठेको जनआन्दोलन-२ को ज्वाला तानाशाहको पुरानो किल्लामा निभिसकेको थिएन । राजतन्त्रको समूल नष्ट र संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापनार्थ नेपाली राष्ट्रियताको झण्डा बोकेर शिखरतर्फ लम्किरहेका थिए । संक्रमणकालीन कानूनी शून्यताबाट देश गतिहीन अवस्थामा भएको बेला यो प्रस्ताव आह्वानले तत्कालीन सरकारमाथी शंका गर्ने आधार प्रशस्त थिए । त्यस अवधिमा भएका भारतीय नेताहरुको पटक-पटकका नेपाल भ्रमण र दवाव, अधिक प्रस्ताव भारतीय कम्पनीकै पर्नु, छनौट पनि भारतीय कम्पनीकै मात्र हुनुले नेपालको जलस्रोतमाथी भारतीय शासकको ठाडो हस्तक्षेप मात्र होइन, नेपाल पक्षको लाचारीपन समेत प्रष्ट देखिन्छ । उक्त प्रकरणमा सरकारले विद्युत प्रवर्द्धन र विकासमा भन्दा बढी भारतीय शासकको इच्छा र जलस्रोतप्रतिको आशक्तिलाई नै बढी महत्व दिएको देखिन्छ । नेपालको जलस्रोतसम्बन्धी इतिहासमा राज्यको जलस्रोत नीतिलाई एकातिर थन्क्याएर भारतको हितमा सम्झौता गरेका थुप्रै घटना भेटिन्छ । कतिपय सम्झौता त तत्कालीन सत्ताधारीले सत्ता बचाउन भारतलाई नदीको दाम चढाएर राष्ट्रघात गरे । कोसी, गण्डकी, कर्णाली र महाकालीजस्ता ठूला नदी यस्तै नियतिका सिकार भएका हुन् । यसरी कुनै न कुनै बहानामा भएको सम्झौताले देश विकास र जनतालाइ राहत होइन, अभिशाप बनेको छ । वर्षेनी हजारौँ हजार नेपालकीको बाढीपहिरो, डुबानमा परेर मृत्यु भइरहेको छ । कैयौँ घरबारविहीन भएका छन् । जनताको यो चित्कारप्रति सरकार गम्भीर देखिँदैन । जति सम्झौता भएका छन्, त्यसमा भएका कुनैपनि सहमतिका बुँदालाई भारत सरकारले लागु गरेको छैन बरु उल्लंघन मात्र गरेको छ । बाँधको नाममा नेपालको भूभाग लुटिएको छ । जलस्रोतसम्बन्धी प्रायः सबै सम्झौता नेपालको राजनीतिक अस्थिरताको फाइदा उठाएर गरिएको छ । ०११ वैशाख १२ को कोशी सम्झौता (प्रम मातृकाप्रसाद कोइराला), २०१६ मंसिर ११ को गण्डक सम्झौता -(विपी कोइराला), २०४८ पुसको महाकाली टनकपुर सहमति र २०५१ माघको अरुण-३ र माथिल्लो कर्णालीको भारतीय कम्पनीसँगको सम्झौता पुरानो संस्कारकै निरन्तरता हो ।

इतिहासका गल्ती दोहोर्‍याउँदै २०६४ फागुनमा अरुण-३ जलविद्युत आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा जलस्रोत मन्त्रालय र भारतीय कम्पनी सतलज जलविद्युत निगमसँग सम्झौतापत्रमा हस्ताक्षर भयो । ४ सय २ मेगावाट विद्युत उत्पादन हुने यस आयोजनाको कुल अनुमानित लाग ८६ करोड अमेरिकी डलर हुनेछ जुन आयोजनास्थल संखुवाभामा रहनेछ । अरुण-३ आयोजनाका निमित्त जम्मा नौ वटा विदेशी कम्पनीले प्रस्ताव पेस गरेकामा चीनको सिनो हाइड्रोकर्पोरेसन र चाइना इन्जिनियरिङ ग्रुप थिए भने बाँकी सात भारतीय कम्पनी थिए । तत्कालीन सरकारको ०६३ कात्तिक १२ को विभागीयस्तरको निर्णयले नेपालमा जलविद्युत आयोजनाको विकास र कार्यन्वयन गर्ने प्रयोजनका लागि माथिल्लो कर्णाली (३०० मेगावाट), अरुण-३ (४०२ मेगावाट), बुढीगण्डकी (६०० मेगावाट) जलविद्युत आयोजना स्वदेशी वा विदेशी प्रवर्द्धकद्वारा प्रतिस्पर्धाका माध्यमबाट कार्यान्वयन गर्ने उद्देश्यले पूर्वअर्थसचिव भानुप्रसाद आचार्यको संयोजकत्वमा सात सदस्यीय कार्यदल गठन गरेको थियो । सोही कार्यदलको मूल्याङ्कन छनौटको आधारमा अरुण ३ आयोजनाका लागि भारतीय कम्पनी जीएमआर इनर्जी लिमिटेड छनौटमा पर्‍यो । भारतीय कम्पनीभन्दा निकै राम्रा र विश्वासिला चिनियाँ कम्पनी छनौटमा परेनन् । जीएमआर इनर्जीले माथिल्लो कर्णाली र अरुण-३ दोस्रो स्थानमा रहेको सतलज जलविद्युत निगमसँग २०६४ फागुनमा जलस्रोत मन्त्रालयले सम्झौता गरेको हो । सतलज जलविद्युत निगम भारतमा असफल कम्पनी हो । भारतीय सरकारको स्वामित्वसमेत रहेको यो कम्पनी सन् १९८८ मे २४ मा नाथपा झाकरी पावर कर्पोरेशन लिमिटेडको नाममा स्थापित भएको हो । यसले हिमाञ्चल प्रदेशमा नाथपा झाकरी नदीमा १५ सय मेगावाट विद्युत उत्पादन आयोजना सञ्चालन गरेको थियो । जसमा असफल भएपछि उक्त कम्पनीको नाम परिवर्तन गरी सतलज जलविद्युत निगम बनाइएको थियो ।

यस सम्झौतामा पनि थुप्रै कमजोरी मात्र होइन, वैधानिक त्रुटिसमेत देखिन्छन् । पहिलो त असफल कम्पनीलाई छनौट गरियो । अर्को भारतीय सरकारको स्वामित्व रहेको कम्पनीसँग सम्झौता गर्दा नेपाल भारत सरकारस्तरीय सम्झौता हुनुपर्नेमा कम्पनीसँग मात्र सम्झौता गरियो । यो सम्झौता सतलज जलविद्युत निगमलाई मात्र बढी फाइदा पुग्ने गरी असमान तवरले गरिएको छ । ऐतिहासिक राजनीतिक परिर्तनसँगै मुलुकमा केन्द्रीकृत सामन्ती राज्यसत्ताको अन्त्य भई संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल स्थापना भइसकेको छ । अन्तरिम संविधानले नै मुलुक संघीय प्रणालीमा जाने स्पष्ट गरिसकेको छ । संघीय शासन व्यवस्थाअनुसार संघीय राज्यका सम्पूर्ण प्राकृतिक स्रोत साधन अग्राधिकारसमेत राज्यमै हुनेछ । अन्तरिम संविधान २०६३ को धारा ३५ राज्यका नीतिहरु अन्तर्गत उपधारा- ४ मा देशको प्राकृतिक स्रोत र सम्पदा परिचालन गर्दा स्थानीय

समुदायलाई प्राथमिकता दिइने नीति छ। तर, यस सम्झौताले स्थानीय जनताको बेवास्ता गरेको छ। त्यही धाराको उपधारा २१ मा राज्यले संयुक्त राष्ट्रसंघको बडापत्र र अन्तर्राष्ट्रिय कानुनलाइ नीतिगत रुपमा मान्यता दिएको छ। उक्त बडापत्रको हस्ताक्षरकारी राष्ट्र भएकाले नेपालका आदीवासी जनजातीको जल, जमीन, र जंगलमा भएको अग्राधिकारले कानुनी मान्यता पाइसकेको छ तर आदीमकालदेखी नै बसोबास गर्दै आएका आदीवासी जनजातीको मौलीक हक र नैसर्गिक अधिकारमाथि नै यो सम्झौताले धावा बोलेको छ।

त्यति मात्र होइन, अन्तरिम संविधान ०६३ को भाग ३ मौलिक हकको धारा २७ सूचनाका हकमा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने वा पाउने हक हुनेछ भन्ने किटानी छ, तर अरुण-३ आयोजना क्षेत्रमा बसोबास गर्ने स्थानीय जनता, सरकार र सरोकारवाला संघसंस्थालाई बिना जनाकारी हचुवाको भरमा गरिएको छ र हालसम्म स्थानीयबासी आयोजनाप्रति बेखबर छन्। सूचनाबाट जनतालाई बञ्चित गरिएको छ। वर्तमान संविधानको धारा १५६ अनुसार नेपाल राज्य वा नेपाल सरकार पष हुने सन्धि वा सम्झौतालाइ व्यवस्थापिका संसदमा तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरुको दुइतिहाइले अनुमोदन गर्नुपर्ने उल्लेख छ। त्यसअन्तर्गत प्राकृतिक स्रोत तथा त्यसको उपयोगको बाँडफाँडको विषयसमेत पर्नेछ। अरुण ३ आयोजनामा भएको सम्झौतालाई कार्यान्वयन गर्नुअगाडी नै व्यवस्थापिका संसदबाट नियमपूर्वक अनुमोदन गर्नुपर्नेमा हालसम्म गरिएको छैन। विनाअनुमोदन नै सतलज जलविद्युत निगम तुरुन्त कार्यान्वयन गर्ने पक्षमा छ। त्यसैले अरुण-३ आयोजनामा भएको सम्झौता गलत र अवैधानिक छ। देशको मूल कानुन र प्रचलित कानुनलाई जबरजस्ती मिचेर गरिएको साथै राष्टियता माथी नै चुनौति दिन कुनै पनि अवैधानिक सम्झौता गरिनुहुन्न। यस्ताखाले सम्झौता खारेज गरिनु राष्ट्र र जनताको हितमा हुनेछ।

वास्तवमा भानु कार्यदलको प्रतिवेदन औपचारिकता मात्र थियो, त्यसअगाडि नै भारतलाई जलविद्युत उत्पादन गर्न दिने एकखाले सहमति भइसकेको देखिन्छ। नेपालमा लगानी गर्न सक्ने क्षमता छैन भन्ने र अन्तर्राष्ट्रिय प्रतिस्पर्धाका नाममा भारतीय कम्पनी छान्ने प्रवृत्तिबाट के देखिन्छ भने सम्झौता कर्ता ठूलो आर्थिक प्रलोभनमा परेर वा सत्ता जोगाउन यो सम्झौता गरिएको छ। यस्ता सम्झौताले राष्ट्र को चरम अपमान गरेको छ। एकातिर, नयाँ नेपालको निर्माण गर्ने प्रक्रियामा मुलुक छ। संघीय प्रणालीमा मुलुक जाँदै छ। संक्रमणकालीन र तरल राजनीतिक अवस्थाको फाइदा उठाएर केन्द्रीय सरकारले हतारमा जल तथा प्राकृतिक अवस्थामा धावा बोल्नु हिजोकै यथास्थितिवादी र प्रतिगामी सोच हो। गरिब जनतालाई आर्थिक उन्नतीको गुलियो सपना बाँडेर उनीहरु विद्युत होइन, नदी बेचिरहेका छन्। विकासको नाममा रातारात व्यक्तिगत सम्पति कुम्ल्याउने र राष्ट्र लाइ बन्दकी राख्ने, राष्ट्रिय पुँजीको घाँटी निमोट्ने र विदेशी दलाल भित्र्याउँदै कमिशन लिने, विभिन्न बहानामा नेपालका सबै नदीनाला विदेशीलाई जिम्मा लगाउँदै जाने हो भने एसियामा अर्को भुटान जन्मन बेर लाग्नेछैन। यसप्रति सबै नेपाली सचेत हुनु जरुरी छ। नेपाल आफैं नै अरुण-३ (४०२ मेगावाट) आयोजना सञ्चालन गर्नसक्छ भन्ने माथिल्लो तामाकोसी (३०९ मेगावाट) बाट पुष्टि भइसकेको छ। जहाँ नेपाल विद्युत प्राधिकरण, वाणिज्य बैंकहरु र दोलखाली जनताको संयुक्त लगानीबाट स्थानीयबासीको स्वामित्व रहने गरी सम्पन्न हुँदैछ। नेपालकै राष्ट्रिय पुँजीपति विभिन्न वित्तिय संस्था र संखुवासभा, भोजपुर, धनकुटेली जनतासँग पनि अरुण-३ आयोजना सञ्चालन गर्न सक्ने तागत छ, तर अवसरको खाँचो छ। यो देशको आर्थिक विकासको मेरुदण्ड जलस्रोतलाई बनाउने हो भने ठूला आयोजनाका नाममा विदेशी दलाल पुँजीपति भित्र्याउने र नदी जिम्मा दिने होइन देशभित्रै विकल्प खोजिनुपर्छ र साना तथा मझौला आयोजनालाई प्राथमिकता दिनुपर्छ। त्यसबाट मात्र देश आर्थिक वृद्धि र स्थायित्व रहनेछ। जबसम्म देशमा स्थायी रुपमा संविधान बन्दैन, तबसम्म कुनै पनि सन्धि सम्झौता गर्नू गलत हुनेछ। त्यसैले अरुण-३ मा अवैधानिक तरिकाले गरिएको सम्झौता खारेजी हुनुपर्छ।

(खेवा सभासद हुन्)

साभारः नयाँ पत्रिका दैनिक, २०६५ असोज ९

http://nayapatrika.com/newsdetail.php?id=809240632203421%20&n_id=32